**मुड्केचुला गाउँपालिका**

**आ.व. २०७७।०७८**

**खण्ड:२०७७** **मिति:२०७७/०३/१५**

**प्रमाणीकरण मिति : २०७७।०३।१५**

**मुड्केचुला गाउपालिकाको नीति, बजेट तथा कार्यक्रम, २०७७।७८**

**मुडकेचुला गाउपालिकाको आठौं गाउसभाको सभाअध्यक्ष, प्रमुख अतिथि , बिशेष अतिथि**
**उपस्थित सर्म्पुण अतिथि ज्यूहरु,**
**गाउसभाका सदस्यहरु,**
**सर्म्पुण कर्मचारीहरु तथा,**
**उपस्थित सम्पुर्ण पत्रकारबन्दु,सुरक्षाकर्मी मित्र, बुवा,आमा,दाजु ,भाई तथा दिदीबहिनीहरु ।**

नेपालको संविधान २०७२ जारी भई उक्त संविधानले व्यवस्था गरेबमोजिम देशमा संघियता कार्यन्वयनमा आएको छ । लामो समयसम्मको आम नेपाली जनताहरुको प्रतिक्षा,दश बर्षे सशस्त्र संघर्ष,२०६२/६३ को जनआन्दोलन ,मधेश आन्दोलनबाट स्थापित व्यवस्थाले संविधान सभाको निर्वाचन भई जनताको प्रतिनिधिले नै संविधान निर्माण गरी हाल तपाई हामी समक्ष कार्यन्वयनमा रहेको छ ।

संविधानले सुनिश्चित गरेको प्रावधानहरुलाई अक्षरसः पालना गर्ने क्रममा स्थानिय तहको निर्वाचन २०७४ सम्पन्न भईसकेर आज हामी मुडकेचुला गाउापालिकामा स्थानिय सरकारको रुपमा रही यो कार्यक्रममा आठौ पटक वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा निकै हर्ष र भाग्यमानी भएका छौ ं। देशलाई यस स्थितीमा ल्याई पुर्याउन आफनो त्याग गर्ने महान शहिदहरु,जनआन्दोदलनका घाइतेहरु ,द्वन्द्वपीडितहरु तथा देशमा गणतन्त्र स्थापना तथा संघिय स्थापना गर्न अहम भुमिका खेल्ने सम्पुर्ण ज्ञात अज्ञात शहीद हरुलाई सम्झन चाहन्छौ । संघियता र स्थानिय सरकार मार्फत गाउगाउमा सिंहदरवार,आफनो गाउ आफै बनाउ, जनताको काममा सान जनप्रतिनिधिको सम्मान जस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काधामा आएको छ । यो हाम्रो लागी अवसर र चुनौती दुवै हो । अधिकार,श्रोत साधन,बजेट,उतरदायित्वर जवाफदेहिता समेत स्थानिय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ , जुन स्वागतयोग्य छ ।

**उपस्थित सम्पुर्ण महानुभावहरु,**

अब म यस मुडकेचुला गाउापालिकाको आ.व.०७७/७८ को निती तथा कार्यक्रम ***"स्वास्थ्य, शिक्षा, पूर्वाधार र रोजगार, मड्केचला गाऊपालिकाको समृद्धिको आधार"*** **भन्ने मुल नाराका साथ** प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**कोरोना महामारी विरुद्धको संघर्ष :**

बिश्वभरि फैलिएको कोरोना (कोभिड १९)महामारीबाट बिश्वका सबैखाले धनी र गरिब देशहरु प्रभावित भै अक्रान्त भैरहेको सन्दर्भमा नेपाल पनि अछुतो रहन नसकेको सन्दर्भमा यस राष्ट्रिय महामारी र यसबाट श्रृजना हुने विपत ब्यबस्थापन राष्ट्रिय प्राथामकिता रहिरहेको सन्दर्भमा यस मुड्केचुला गााउपालिकाको अथक प्रयासका बाबजुत  करिब १ करोड रुपैया र सक्रिय पहल कदमी गरि यि सबैको नतिजा स्वरुप आजका दिन सम्म मुड्केचुला गाउपालिकामा यस कोरोना महामारीको संक्रमण नरहेको हर्षका साथ यो खुशीको कुरा तपाईहरु सबै समक्ष साट्न चाहन्छौ । तथापी यसबाट हुने जोखिम जिवितै रहेको सन्दर्भमा यस गाउपालिकाले कोरोना संक्रमण बाट बच्न हाम्रा सबैसफल प्रयासहरुलाई निरन्तरता दिदै ३० लाख रुपैया विनियोजन गरिएको छ ।

**गाऊपालिकाको समग्र विकासका लागि गुरुयोजना निर्माण :**

गाउपालिकाको गुरुयोजनामा रणनीतिहरु बार्षिक योजना र तत्थ्यांक ब्यबस्थापन एवं प्रतिवेदनका लागि सम्रग विकासका पक्षहरु समेटिएको गुरुयोजनामा पाच वर्षे आवधिक योजनामा र बार्षिक स्पष्ट लक्ष्य र उद्देश्यका वजेट नीति तथा कार्यक्रम बनाउदै लगिनेछ । यस कार्य सगै गाउपालिकाको पार्श्व चित्र निर्माण, डकुमेन्ट्री निर्माण र वार्षिक तत्थ्यांकहरु ब्यबस्थापन गदै यसको आधारमा बस्तुगत योजनामा आधारित नीति तथा कार्यक्रम तयार गर्न २० लाख रुपैया विनियोजन गरिएको छ ।

**९ वटै वडा कार्यालय भवनहरु निर्माण :**

संघिय लोकतान्तिक्र गणतन्त्र नेपालमा शुसाशन र सेवा प्रवाहलाई छिटो चुस्त सेवाग्राहीको घरनजिक र उनीहरुकै संलग्नतामा आबश्यक कार्यहरु गर्न गराउन यस मुड्केचुला गाउपालिकाका ९ वटै वडा कार्यालय भवनहरु आर्थिक बर्ष २०७७०७८ भित्र निर्माण गरि ति कार्यालय ब्यबस्थापनलाई प्रभाबकारी बनाउन प्राविधिक ईष्टिमेट र योजनाका आधारमा खर्च ब्यहोर्ने गरि रु २ करोड ४० लाख वजेट विनियोजन गरिएको छ ।

**मुड्केचुलाको शान, स्थानीय तेल उत्पादन :**

यस गाऊपालिकाको सबै ९ वटै वडाहरुमा माटो सुहाउदो भई हुने १ मात्र उत्पादन सथानीय कृषि बालि : तोरी र सुर्यमुखी खेतीबाट तोरी र सुर्यमुखी तेल उत्पादननै हो ।  यस लाई मुड्केचुलाको शान, स्थानीय तेल उत्पादन को मुख्य नाराबाट प्रत्येक वडाहरुमा मूख्य मुख्य कृषक, समुह र सहकारीहरुमार्फत कृषि उत्पादन शूरु गरि ती प्रत्येकको उत्पादन वडाहरुमार्फत गाऊपालिकाले खरिद गर्ने, उत्कृष्ट कृषकलाई प्रोत्साहन रकम दिने र स्थानीय २ वटा तेल पेल्ने लघुउद्योगहरुबाट लेबलिंग सहितको विभिन्न प्याकेजिंगमा तोरी र सुर्यमुखी तेल उत्पादन गर्न आवश्यक कार्यविधि सहित रु.२० लाख ब्यबस्था गरिएको छ । यो कार्यक्रम चालु आव २०७७७८ बाट शुरु गरि आगामी ३ बर्षभित्र सबै कृषक र स्थानीयहरुको सहभागिता र सरोकारवालाहरुको साझेदारी अभिबृद्धि गरिनेछ ।

**भौतिक पुर्वाधार विकास :**

नेपाल मै राष्ट्रिय सडक सन्जालबाट जोडिन नसकोको हुम्ला र डोल्पा २ जिल्ला मध्ये डोल्पा जिल्लाको मुड्केचुला गाउपालिका पनि अछुतो नरहेको वर्तमान सन्दर्भलाई परिलीक्षत गरि यस गाउपालिका र कर्णाली प्रदेश सरकार सुर्खेतको सहयोगमा समपुरक अनुदानश्रोतबाट ब्यहोर्नेगरि नर्कुगाउदेखि पातीहाल्न हुदै पियारीसम्म मोटरबाटोको लागि रु १ करोड ४० लाख र सर्मी गााउदेखि धुरेलीसम्म मोटर बाटो निर्माण को लागि रु १ करोड ४० लाख रुपैया वजेट जिनियोजन गरि क्रमागत आयोजनको रुपमा यसै आर्थिक बर्षबाट निर्माण कार्य गरिनेछ । साथै यस गाउपालिका भित्रका प्रतापटोल स्याउ फलफुल घेराबार निर्माण, ठुलो खोलाबाट देरचौरसम्म सिचाइ निर्माण, लामाचौर सामुदायिक भवन निर्माण र सर्मी बथिर्ङ सेन्टर निर्माण लगाएत गरि कुल २ करोड  ५० लाख १२ हजार ५०० रुपैया वजेट विनियोजन गरिनेछ ।

***सुचना प्रविधि, संन्चार र मोवाईल टावर  :***

आधुनिक सुचना प्रविधिको युगमा विश्व समुदायसाग यस गाउपालिकालाई जोड्न, ज्ञानको भण्डार विकास गर्न, सेवा प्रबाहलाइ छिटोछरितो गरि शुसान कायम गर्न यस गााउपालिकाको इन्टरनेट सेवा लाई निरन्तरता दिदै यसको थप प्रभाबकारी प्रयोग गर्न रु १० लाख वजेट विनियोजन गरिएको छ । विगत केहि बर्ष देखि बन्न नसकोको मोवाइल टावर जडान गरि फोन सेवालाई सुचारु गर्न रु १० लाख वजेट विनियोजन गरिएको छ । साथै मुडके्चुला एफएम ९३.५ मेगाहर्जलाई सबै वडाहरुमा प्रसारण गरि सुन्ने बनाउनका लागि रु ४ लाख वजेट विनियोजन गरिएकोछ । माथि उल्लेखित सबै कार्यहरु यसै आर्थिक बर्षभित्र सम्पन्न गरिनेछ ।

***गुणस्तरीय विधालय शिक्षा र प्राविधिक उच्च शिक्षा :***

संघिय सरकाले सबैककालागि क्षिक्षा महान लक्ष्य परिपुर्ती गर्न  समुदायमा जनाएको प्रतिवद्धता र नेपालको संविधान तथा नीति कार्यक्रम मार्फत विधालय क्षेत्र विकास कार्यक्रम मुख्यगरि विद्यालय शिक्षामा सबै बालबालिकाको पहुच गुणस्तरीय क्षिक्षा र संस्थागत क्षमताको विकासमा परिलक्ष्यहरु पुरा गर्न संघिय प्रादेशिक एवं मुड्केचुला गााउपालिकाको प्राथमिकतामा परेका निम्न शैक्षिक गुणस्तरका कार्यहरु अगााडि बढाइनेछ :

- विद्यालय स्वास्थ्य शिक्षा मार्फत बालबालिकाको स्वस्थ दिमाग र शरिर विकास गरि सिकाइ उपलब्धीलाई अभिबृदी गर्न विद्यालय भित्रैबाट स्वास्थ्य शिक्षा र उपचार सेवा प्रदान गर्न अहिलेलाई ३ वटा माध्यमाकि विद्यालयमा अनमी, अहेव वा स्टाफ नर्सको करार सेवा संचालन
- गरि आधारभुत स्वास्थ्य उपचार निशुल्क हुनुपर्ने मौलिख हकको मान्यता बमोजिम विद्यालयका बालबालिकाहरुलाई आधारभुत स्वास्थ्य उपचार र औषधी विद्यालयबाट वितरण गरिनेछ । यो कार्यक्रम आगामी बर्षबाट विस्तार गरिनेछ ।
- प्राविधिक तथा ब्यबसायिक तर्फको विद्यालय शिक्षा लगाएत उच्च शिक्षामा पढ्ने जेहेन्दार गरिब एवं लगनशिल विधार्थीहरुका लागि चारजना सर्टीपिकेट लेभलका लाई रु.१ लाखका दरले र उच्च प्राविधिक शिक्षा तर्फ अध्ययन गर्ने चार जनालाई रु १ लाख ५० हजारका दरले छात्रबृदी स्वरुप प्रोत्साहन रकम तोकिएको कार्यविधि अनुरुप उपलब्ध गारइनेछ । यस कार्यबाट मुड्केचुला गाउपालिकाका गरिब जेहेन्दार विधार्थीले पैसाको अभाबमा प्राविधिक धारतर्फको उच्च शिक्षा प्राप्त गर्ने अबसर बाट बन्चित हुनुपर्ने छैन र गाउपालिका भित्रबाट दक्ष एवं प्राविधिक जनशक्ती क्रमश उत्पदान गर्ने कार्यमा हौसला बृदी हुनेछ ।
- विधालयका बेसहरा गरिब निमुखा विधार्थीहरुलाइ प्रति शैक्षिक सत्र १०० जना विधार्थीलाई रु १० हजारको दरले विपन्न लक्षित छात्रबृदी उपलब्ध गराइनेछ । यसको लागि रु १० लाख रुपैया विनियोजन गरिएकोछ ।
- बालविकास केन्द्रका सहजकर्ता रविद्यालय कर्मचारीका लागि गत वर्षहरुमा दिइएको प्रोत्साहनलाई निरन्तरता दिइएको छ ।

- गाउपालिकाबाट विधार्थीहरुको प्रतिभा पहिचान गर्न, खेलकुद क्षमताको विकास गर्न राष्ट्रपति रनिङ शिल्ड लगाएतका कार्यहरु संचालन गरिनेछ ।
- विज्ञान शिक्षा संकाय तर्फको कक्षा ११ र १२ को पढाई संचालन गर्नको लागि श्री अन्नपुर्ण मावि सर्मीलाई अनुमति दिइनेछ । यसको संचालन र व्यबस्थापन खर्चको व्यसस्थापन समेतगरि डोल्पा जिल्लामै पहिलो पटक यस प्रकारको क्षिक्षा उपलब्ध गराई तडकारो अभाब खडकिएको निम्न माध्यामिक तहको विज्ञान विषयका शिक्षकहरुको उत्पादन यस गाउपालिकाबाट गरिनेछ ।
- सुचना तथा प्रविधिलाइ विद्यालयमा जोड्नका लागि कक्षा ६ बाट पढाइ हुने कम्प्युर विषयको पढाइलाइ सार्थक बनाउन सबै निमावि र माविमा कम्प्युटर लगाएतका सामाग्रीहरु उपलब्ध गारइनेछ ।
- विद्यालयमा धुलोरहित कक्षाकोठा निर्माण गर्न प्रत्येक विद्यालयका कक्षा कोठाकालाई सिलिङ प्यालष्टर गरि शौचालय र खानेपानीको व्यबस्थालाई सुदृधीकरण गर्दै लगिनेछ ।

### *सार्वजनिक निजी साझेदारी :*

यस गाउपालिकाले गत आर्थिक वर्षबाट शुरु गरेका कार्यक्रमको निरन्तरता दिदै सार्वजनिक निजी साझादारिमा निम्न अनुसारका कार्यहरु गरिनेछ ,

- छहरे खोला लघुजलविधुत आयोजनालाइ यसै गाउपालिका माताहतबाट संचाललन गरि यसको स्तरबृदी राजस्व संकलन, र लक्षितबर्गलाइ सहुलियत प्रदान गर्ने कार्यक्रमको निरन्तरता दिइनेछ भने इल लघुजलविधुत आयोजनालाइ यस गाउपालिका माहतहतबाट एबं तरिकाले संचालन गरिनेछ ।
- यस गाउपालिका र जगदुल्ला गाउापलिकाको क्षेत्र भित्र संचालित भएको जगदुल्ला हाइड्रो पावरलाई समयमै सम्पन्न गर्न सम्बन्धित निकायसाग समन्वय सहकार्य गरि कार्य अगाडि बढाइनेछ ।
- यस गाउपालिका भित्र संचालनमा रहेका सामुदायिक बन उपभोक्ता समितिहरु हातेमालो कार्यक्रमको रुपमा ९ वटैलाई रु ८० हजारका दरले संचालन एबं व्यबस्थापन खर्च उपलब्ध गराई तत् तत् सामुदायिक बन समितिहरु र यस गाउपालिकाको सम्बन्ध र सहकार्यलाई थप मजबुद बनाइनेछ ।
- गाउपालिका भित्र संचालनहुने लघु उद्यम  लागाएतका पेशा ब्यबसाय गर्ने सहकारी, ब्यक्ती, फर्महरुको अनुमति संचालन र नियमनको प्रभाबकारी ब्यस्था गरिनेछ । र मागको आधारमा संचालित भएका र उल्लेखनीय योगदान दिन सक्ने उद्यमी, ब्यबसायी र सहकारी आदिलाई प्रत्येकलाई १ लाख देखि १ लाख ५० हजार रुपैंया बराबरको प्रोत्साहन रकमको ब्यबस्था गरिनेछ ।

### *विपन्न एवं गरिव लक्षित कार्यक्रम*

- नेपाल सरकारको प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालित हुने रोजगार प्रबर्धन कार्यहरुमा यस्ता विपन्न तथा गरिब नागरिकको सहभागितालाई सुनिश्चित गरिनेछ । यस गाउपालिका अर्न्तगतका उपभोक्ता समिति मार्फत सम्झौता भै  संचालन गरिने यि कार्यक्रमहरुमा लक्षित वर्गको सहभागितालाई वडा स्तरबाट सुनिश्चित गरिनेछ ।
- विपन्न लक्षित छात्रबृत्ती कार्यक्रम : विद्यालयमा अध्ययनरत विपन्न बालबालिकाहरुको लागि विपन्न लक्षित छात्रबृदी स्वरुप प्रति विधार्थी रु १० हजारको ब्यबस्था गरिएकोछ ।

### *रोजगारी र आयआर्जन कार्यक्रम*

यस गाउपालिका भित्र रहेका बेरोजगार युवाहरुलाई स्वरोजगार श्रृजना गर्न नेपाल सरकार प्रधानमन्त्री  र मुख्यमन्त्री स्वरोजगार कार्यक्रम मार्फत देहाएका कार्यहरु संचालन गरिनेछन,

- गाउपालिकामा दर्ता भएका बेरोजगार ब्यक्तीहरूलाई न्युनतम रोजगारीको प्रत्याभुतीको लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना संचालन गरि श्रममुलक आयोजना मार्फत समुदायको विकास सगै सामाजिक संरक्षणको प्रत्याभुती गराइनेछ ।
- दक्ष तथा सक्षम जनशक्तीको विकास गरि आन्तरिक रोजगारीको प्रवर्धन गर्न आबश्यक सिपमुलक तालिमको पहिचान गरि सुचीकृत बेरोजगार ब्यक्तीहरूलाई तालिम संचालन गरिनेछ ।
- संघ तथा प्रदेश सरकारले ल्याएको रोजगारमुलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीको क्षेत्र बिस्तार गरिनेछ ।
- आन्तरिक रोजगारी श्रृजना गर्न सरोकारवाला निकाय, निजी क्षेत्र, सहकारी तथा गैर सरकारी क्षेत्रसग समन्वय गरि कार्यन्वयनमा जोड दिईनेछ ।
- युबा तथा शैक्षिक बेरोजगारीलाई प्राथामिकतामा राखि स्वरोजगारमुलक कार्यमा संलग्न युबा उद्यमीलाई प्रोत्साहित गरिनेछ ।
- श्रम सम्बन्धलाई प्राथामिकता दिदै सार्वजनिक पुर्वाधार निर्माण, कृषी, ब्यबसायिक, उद्योग लगाएत बित्तीय क्षेत्रको विकास मार्फत रोजगारी श्रृजना गरिनेछ ।
- छनौट भै काममा खटिने कामदारहरूको ब्यक्तीगत बैंक खाता संचालन गरि उनीहरूले पाउने पारिश्रमिक सोझै बैंकखातामा जम्मा गरि आर्थिक पारदर्शिमा जोड दिइनेछ ।

### *तत्थ्यांक ब्यबस्थापन*

- सुचना ब्यबस्थापन प्रणाली (एम आइ एस) सुत्र  शैक्षिक सुचना ब्यबस्थापन प्रणाली, एल एम बि आइएस  , सि ग्यास, एच एम आइ एस आदिद्धारा ब्यबस्थीत गरि सुचनााइ पारर्शी बनाइ गाउपालिकाको कार्यालयका सबै किसिमका कार्यक्रम सुचना तत्थयांक पारदर्शी बनाइनेछ र मागेको बेलामा सेवाग्राहीलाई उपलब्ध गारइनेछ ।

## सुशासन र सेवा प्रवाह :

- यस आर्थिक बर्षबाट कृषी शाखामा थप ३ जना ५० प्रतिसत तलब ब्यहोर्नेगरि, भेटनरी शाखामा ३ जना, सब ईन्जीनियर ३ जना, ४ जना सब ओभरसियर, लेखा सहायक ३ जना, स्काभेटर डोजरको लागि ३ जना, एम एम संचालनका लागि २ जना, बिजुली बत्ती संचालनका लगि ४ जना र गापा र वडाकार्यालयका सहाोगि १३ जना र स्वास्थ्य तर्फ ल्याब असिस्टेन्ड अनमी अहेब र स्पिर आदि प्रर्याप्त संख्यामा कर्मचारीहरूको ब्यबस्थापन गरि यस गाउपालिका कार्यालयको सेवा प्रबाह प्रणालीलाइ थप चुस्त र प्रभाबकारी बनाइनेछ ।

## लोकसेवा तयारी कक्षा:

- यस गाउपालिकाले निजामती सेवामा युबाहरूको प्रबेशलाई तिनको क्षमता विकास गरि प्रबेशलाइ सहजिकरण गर्न लोकसेवा तयारी कक्षा बार्षिक २७ जनालाई प्रोत्साहन रकम उपलब्ध गारइने छ ।

## १ वडा १ सहकारी अनुदान :

- आर्थिक बर्ष २०७६।७७ देखि शुरूवात गरिएको एक वडा एक सहकारी संचालन अनुदानलाइ यस बर्ष छुट भएका सहकारीहरूलाई तिनको बचत बृदी, स्वरोजगार श्रृजना र सुपथ मुल्यमा पसलहरू सन्चालनार्थ आबश्यबक रकम अनुदानको ब्यबस्था गरिएको छ ।

## कृषक , पशुपालक र लघुउद्यमीहरूलाई प्रोत्साहन:

- यस गाउपालिकामा रहेका उधमीर उधोगलाईप्रोत्साहन प्रदान गर्न गाउपालिका र उधमशिल मन भएकाहरूको विचमा सुमधुर सम्बन्ध कायम गरि सहकार्य र साझेदारीलाइ बढवा दिन प्रति उधमी वा उधोगलाई एक लाखका दरले तिनको प्रगतिको आधारमा दिने रकमको ब्यबस्था गरिएको छ ।
- यस्तै नेपाल कृषी प्रधान देश भएको र यस गाउपालिकाको पनि मुख्य आम्दानीको श्रोत कृषी नै भएकोले कडा मेहनतका साथ कृषी पेशामा लागि उमशिल गर्ने जागरिला कृषकका मनहरूलाइ सम्बोधन गर्न कृषक सहकारी समुह आदिलाइ प्रोत्साहन स्वरूप एक लाखका दरले प्रोत्साहन रकमको ब्यबस्था गरिएको छ ।

### *न्यायिक समिति :*

- नेपालको संबिधानले प्रत्येक स्थानीय तहलाइ दिएको न्यायिक अधिकार स्थानीय सरकार सन्चालन ऐन अनुसार संचालन गर्न यस गाउपालिकाको न्यायिक समितिलाइ रू एक लाख बैठक भत्ता र दुइ लाख मेलामिलाप केन्द्र स्थापना र ४३ हजार महिला हिंसाबिद्ध १६ दिने अभियान संचालानार्थ गर्ने प्रबन्ध गरिएको छ ।

**लक्षित बर्ग आएआर्जजन कार्यक्रम :**

- यस गाउपालिकामा रोजगारी श्रृजना गर्न दलित जाती विषेशलाई छालाजुत्ता निर्माण तालिममा ९ वडाबाट समेटेर पठाइने छ र तालिम सम्पन्न गरि सकेपछि छालाको जुत्ता नै बनाउन सक्नेगरि पसल संचालन गर्न गर्न आबश्यक रकमको ब्यबस्था गरिएको छ ।
- यसबाट गाउपालिका स्तरमा नै छाला जुत्ताको बनाउने कार्यको थालनी भै आम नागरिकले यसको उपभोग गर्न पाउने छन् ।
- गाउपालिका भित्र रहेका अपांगता भएका ब्यक्तीहरूका लागि सहयोगि सामाग्रीहरू खरिद गर्न, मागमा आधारित क्रियाकलाप संचान गर्न र अपांग दिबश मनाउन रू ३ लाख ५० हजारको ब्यबस्था गरिएको छ ।
- प्रत्येक नागरिकल घर निर्माण गर्दा फलामजन्य सामाग्रीहरू ग्रिल ढोका सरिया आदिको प्रयोग बढदै गैरको अबस्थामा यस्ता सामाग्रीहरू अन्यत्रबाट ल्याउन महंगो पर्ने भएकोले स्थानीय स्तरमा खोलिएका ग्रिल उधोगीहरूलाइ प्रोत्साहन स्वरूप ६ लाख रूपैको ब्यबस्था गरिएको छ । यसबाट यस्ता उधम गर्ने ब्यबसायीलाइ हौसला प्रदान हुनेछ र बनाइएका सामाग्रीहरू सुपथ मुल्यमा गाउपालिकाबासीले उपभोग गर्न पाउनेछन् ।
- स्वरोजगारी र आय आर्जन श्रृजना गर्नकालागि सिलाइ कटाइ कालागि ५० जना महिलालाइ दिइने छ रआबश्यक सामाग्री खरिद गरि ब्यबसाय संचालन गर्न रू १० लाख रूपैया विनियोजन गरिएको छ ।

### *जेष्ठ नागरिक सम्मान कार्यक्रम*

यस गाउपालिका भित्र रहेका आदर्णिय जेष्ठ नागरिकहरूलाई सम्मान गर्न र तिनको सिप क्षमता, अनुभबको हौसाल प्रदान गर्न जेष्ठ नागरिक सम्मान कार्यक्रम स्वरूप रू २ लाख वजेट विनियोजन गरिएको छ ।

**युवा परीचालन कार्यक्रम :**

- सडक सन्जालले गाउपालिका केहि बर्ष भित्रै जोडिन लागेको अबस्थामा प्रत्येक वडाबाट एक जनाका दरले ९ जनालाई रू.५० हजारका दरले ड्राइभिंग तालिममा पठाइने ब्यबस्था गरिनेछ ।
- यस गाउपालिका भित्रका युवा क्लब परिचालन गरि तिनको जोस, जागर र क्षमतलाइ अभिबृदी गर्न यस आर्थिक बर्षमा मुख्य गरि खानेपानी सरसफाइ सम्बन्धि जनचेतना ल्याउन घरटोल सफा राखै अभियान प्रत्येक वडाका एक युवा क्लबलाइ रू १ लाखको दरले प्रोत्साहन रकम ब्यबस्था गरिएको छ ।

**पशुपालन र पशुअधिकार :**

- यस गाउपालिका भित्र पशुपालन ब्यबसाय गर्ने ब्यक्ती वा समुहलाइ उचित प्रोत्साहन रकमको ब्यबस्था गरिएको छ । र पशुको पनि बाच्न पाउने अधिकारलाइ सुनिश्चित गर्न बिरामी पशुहरूको लागि औषधी खरिद र नागरिकको घरघरमा गै त्यस्ता पशुहरूको उपचार गर्नको लागि आबश्यक रकमको ब्यबस्था गरिएको छ साथै पशुको लागि पिउने पानीको ब्यबस्था गर्न कालिका क्षेत्रमा २ वटा र सर्मि, होर्त रओक्ट क्षेत्रमा २ वटा गरि ४ वटा थप पानी पोखरीको निर्माण गरिनेछ ।

जलबायु परिवर्तन सहयोग कार्यक्रम :

- मुड्केचुला गाउपालिका भित्र जलबायु उत्थानसिलताको अबधारणालाइ मुल प्रबाहीकरण गर्न जलबायु वित्त सम्बन्धि श्रोतहरूको ब्यबस्था गर्न जोखिममा रहेका समुदायलाइ जलबायु उत्थानसिलता समबिन्ध क्रियाकलाप मार्फत प्रभाबकारी सेवा पुर्‍याउन नेपाल सरकार र डिएफआइडी को सहयोगमा संचालन गरिएको नेपाल जलबायु परिवर्तन सहयोग कार्यक्रम दोश्रो चरणलाइ कार्यन्वयनमा ल्याइनेछ ।
- यस गापालिकाको शानको रूपमा रहेको रेड पाण्डा, डाफे, कस्तुरी आदि दुर्लभ वन्यजन्तुहरू र जडिबुटीहरूको संरक्षण एबं विकास गर्न रू ७लाख रूपैया संरक्षण कोषको रूपमा ब्यबस्था गरिएकोछ ।
  यसको आधारमा संघिय सरकार र प्रदेश सरकारको ध्यानार्षण गराइ प्रयाप्त रकम श्रोत साधनको उपलब्धता गराउन आबश्यक पहलकदमी गरिनेछ ।

**बहुक्षेत्रीय पोषण योजना कार्यक्रम :**

- गाउपालिका भित्र पोषण संबेदनशिलता बृदी गर्न र पोषिलो आहार खानेकुराको बानी विकास गर्न नेपाल सरकारले शुरूगरेको युनीसेफको आर्थिक सहयोगमा संचालित बहुक्षेत्रिय पोषण योजना कार्यक्रमलाइ प्रभबकारीरूपमा संचालन गर्न रू १३ लाख ३५ हजार रूपैया विनियोजन गरिएको छ ।
- महिला तथा बालबालिकाको क्षेत्रमा युनीसेफ नेपाल र यस गाउपालिकाको आयोजनामा स्वास्थ्य, पोषण शिक्षा, बालसंरक्षण, सामाजिक सुरक्षा लगाएतको क्षेत्रमा कार्य गर्नेगरि आबश्यक रकमको ब्यबस्था गरिएको छ ।

**योगदानमा आधारीत निबृत्तिभरण:**

- गाउपालिकमा काम गर्ने स्थाजीय तहका कर्मचारीहरूको लागि योगदानमा आधारित उपदान, निबृतीभरण र प्रोत्साहनका लागि रू ८ लाख रूपैया विनियोजन गरिएको छ । यसबाट स्थानीय तहमा समायोजन भई गएका संघीयतलाई माया र आत्मसाथ गर्ने राष्ट्रसेवक कर्मचारीहरूमा सेवा सुरक्षाको अनुभुति भई उच्च कार्यसम्पादनमा योगदान रहनेछ ।

**सम्पदा सुरक्षा कार्यक्रम:**

- यस गाउपालिका भित्ररहेका टावर, झुलुंगेपुल , विधुत र एफएम लागएको सम्पतीको संरक्षणको लागि आवश्यक सख्यामा स्थानीय संरक्षकहरू नियुक्ति दिने र तीनको सेवा सुरक्षा गर्ने कार्यलाई निरन्तरता दिईएको छ ।

**आन्तरीक राजस्व संकलनमा स्काभेटर संचालन :**

- गाऊ कार्यपादिकाबाट पारीत भएको यसको कार्यविधि अनुरूप गाउपालिका भित्रको भौतिका पुर्बाधार विकास गर्ने मुख्य साधनको रूपमा रहेको स्काभेटर संचालन गर्न इनधन खर्च बापत रू २० लाख वजेट विनियोजन गरिएको छ । विगत बर्षहरूदेखि हालसम्म यस्तो प्रकारको रकम र स्काभेटर संचालन कार्यलाइ ब्यबस्थीत र प्रभाबकारी गर्नको लागि गाउ कार्यपालिकाको सदस्यको संयोजकत्वमा ५ सदस्यीय संचालक समिति गठन गरिनेछ ।

**सामाजिक सुरक्षा कार्यक्रम:**

- यस गाउपालिकाबाट सामाजिक सुरक्षा बापत उपलब्ध गारइने २ करोड १४ लाख १५ हजार रूपैया यसका लक्षित वर्ग ६० वर्ष माथिका बुद्धबद्धाहरू, ५ वर्षसम्मका बालबालिकाहरू, एकल महिला, ६० वर्ष भन्दा माथिको विधुवा

महिला, अपाँगता भएका महिलाहरू आदिले पाउने रकम सम्बन्धित ब्यक्तीको बैंक खाता मार्फत भुक्तानी गरिनेछ र यसको तत्थ्यांक प्राणालीलाइ कोहि नछुट्न कोहि नदोहोरिउन भन्ने तरिकाले ब्यबस्थीत गरिनेछ ।

## आ.व.२०७७।७८ को स्रोतको अनुमान

### *ससर्त अनुदान*

- यस आर्थिक बर्ष २०७७।०७८ को लागि कुल वजेटको रूपमा ससर्त अनुदान तर्फ १४ करोड ५३ लाख संघिय सरकार बाट र ३० लाख प्रदेश सरकारबाट गरि कुल १४ करोड ८३ लाख रूपैया विनियोजन गरिएको छ ।

### *समपुरक अनुदान*

- यस आर्थिक बर्ष २०७७।०७८ को ४८ लाख संघिय सरकारबाट र १ करोड ४० लाख प्रदेश सरकारबाट गरि कुल १ करोड ८८ लाख विनियोजीत भएकोमा सोही बराबरको रकम मुड्केचुला गाउपालिकाले पनि विनियोजित गरेकोछ ।

### *राजस्व बाडफाड*

संघिय सरकारबाट ४ करोड ४८ लाख २५ हजार ३ सय असी रूपैया विनियोजित भएकोछ भने यस गाउपालिकाको आन्तरिक राजस्व आम्दानी आ.ब.२०७६।०७७ मा ९ लाख ७१ हजार ८ सय असी रूपैया मौजुदा रहेकोमा आ.ब.२०७७।०७८ मा रू ११ लाख राजस्व संकलन हुने प्रक्षेपण राजस्व परामर्श समिति मुड्केचुला बाट गरिएको छ ।

### *विषेश अनुदान*

- संघिय सरकारबाट सर्मि बर्थींग सेन्टर निर्माणकालाग रू ५० लाख विनियोजन गरिएको छ । यस्तै गरि प्रदेश सरकारबाट ४० लाख वजेट विनियोजन गरिएकोछ ।

### *समानीकरण अनुदान*

- संघिय सरकारबाट यस गाउपालिकामा विभिन्न आयोजना र कार्यक्रम संचालन गर्नकालगि गाउसभाको निर्णय अनुसार कार्यक्रम संचालन गर्न रू ६ करोड ६१ लाख विनियोजन गरिएको छ र यस्ता प्रकारका आयोजना र कार्यक्रमहरू यसै आर्थिक बर्ष २०७७।०७८ भित्र सम्पन्न गरिनेछ ।
- यस्तै प्रकारले प्रदेश सरकारबाट १ करोड १ लाख २५ हजार रूपैया समानीकरण अनुदान स्वरूप प्राप्त भएकोमा यो रकम गाउपालिकाले समपुरक अनुदान कोषको रूपमा राख्ने र अपुग ८८ लाख ७५ हजार रूपैया गाउपालिकाको संचित कोषबाट ब्यहोरी रू १ करोड ९० लाख को आन्तरिक समपुरका कोष सृजना गरिनेछ ।

## *आ.ब.२०७७।०७८ को कुल वजेटको आकार*

- यि सबै प्रकारको समानीकरण अनुदान, ससर्त अनुदान, समपुरक अनुदान, विषेश अनुदान र राजस्व गरेर आर्थिक वर्ष २०७७।०७८का लागि कुल बजेट २९ करोड ८२ लाख ५० हजार ३ सय असी रूपैया अनुमान गरिएको छ ।

**धन्यवाद**

## मुड्केचुला गाउपालिकाको आर्थिक ऐन

मुड्केचुला गाउपालिका अर्थ सम्बन्धी प्रस्तावकलाई कार्यान्वयन गर्न बनेको विधेयक प्रस्तावना मुड्केचुला गाउपालिकाको आर्थिक बर्ष २०७७/७८ को अर्थ सम्बन्धी प्रस्तावकलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने ,छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनीय भएकोले नेपालको संविधान धारा २२८ को उपधारा (२) बमोजिम मुड्केचुला गाउसभाले ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः(१) यो ऐनको नाम "आर्थिक ऐन ,२०७७" रहेको छ ।

(२)यो ऐन २०७७ सालको साउन १ गतेबाट मुड्केचुला गाउपालिका क्षेत्रमा लागु भएको छ।

२.**सम्पति कर:** गाउपालिका क्षेत्रभित्र अनुसुचि (१) बमोजिम एकिकृत सम्पति कर/घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ ।

३. **भुमि कर** : गाउपालिका क्षेत्रभित्र अनसचि (२) बमोजिम भुमि कर लगाइने र असुल उपर गरिनेछ ।

४. **घर बहाल कर** :गाउपालिका क्षेत्रभित्र कनै व्यक्ति वा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा छप्पर जग्गा वा पोखरी परै आशिंक तवले दिएकोमा अनसचि (३) बमोजिम घरजग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

५.**व्यवसाय कर** :गाउपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुजिगत लगानी र आर्थिक कारोवारको आधारमा अनसचि (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६.**जडिबुटी,कवाडी र जन्यजन्तु कर** :गाउपालिका क्षेत्रभित्र कनै व्यक्ति वा संस्थाल उन ,खोटो ,बनकस ,कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकको मृत वा मारिएका जीवजन्तुको हाड,सिङ्ग,प्वाख ,छाला जस्ता वस्तुको कारोवार गरेवापत अनसचि (५) बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

७.**सवारी साधन कर** :गाउपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनसचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८.**विज्ञापन कर** :गाउपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनसचि (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९.**मनोरञ्जन कर** :गाउपालिका क्षेत्रभित्र हुने मनोरञ्जन मा अनसचि (८) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्क** :गाउपालिका क्षेत्रभित्र आफुले निमार्ण,रेखदेख वा संचालन गरेका अनसचि ( ९) मा उल्लेख भए अनुसार हाटबजार वा पसलमा सोही अनुसुचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क कर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ।

११.**पाकिङ शुल्क**:गाउपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पाकिङ सुविधा उपल्वध गराए वापत अनसचि (१०) बमोजिम पाकिङ शुल्क कर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग,कोयोकिङ्ग,क्योइङ्ग,बन्जी जम्पिङ्ग,जिपफ्लायर र र्‍याफटिङ्गशुल्क** :गाउापालिका क्षेत्रभित्र ट्रेकिङ्ग,कोयोकिङ्ग,क्योइङ्ग,बन्जी जम्पिङ्ग,जिपफ्लायर र र्‍याफटिङ्ग व्यवसाय संचालन गरेवापत अनसचि (११) बमोजिम शुल्क कर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ ।

१३. **सेवा शुल्क दस्तुर** :गाउापालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेको अनुसुचि ( १२) मा उल्लेखित त स्थानिय पुर्वाधार र उपल्वध गराइएको सेवाग्राहीबाट सोही अनुसुचिमा व्यवस्था भएअनुसार सेवा शुल्क दस्तुर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क** :गाउापालिका क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनसचि (१३) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१५.**कर छुट** :यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको छुट दिइने छैन ।

१६.**कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि** :यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि गााउपालिकाले तोके

अनुसार हुनेछ ।

## मुड्केचुलागाउापालिकाको विनियोजन ऐन,२०७७

### मुड्केचुला गाउापालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:**मुड्केचुला गाउापालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम मुड्केचुला गाउासभाले मिति २०७६ ।०३।१५ मा यो ऐनबनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भ: (१)**यस ऐनको नाम " मुड्केचुला गाउापालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७७।०७८ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**: (१)आर्थिकवर्ष २०७७।०७८ को निमित्त गाउाकार्यपालिका, वडा समिति, विषयगत शाखा ले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ माथी उल्लिखित चालू खर्च, पूाजिगत खर्च र बित्तियव्यवस्थाको रकम समेत गरी शषर्त तर्फको बजेट रकम बाहेक जम्मा रकम सात करोड बहत्तर लाख पच्चिस हजार(रु.७,७२,२५०००) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन: (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।०७८ को निमित्त मुड्केचुला गाउाकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउाकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूाजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम सााव भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत सााव भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन

तर चालु तथा पूाजिगत खर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १०प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउासभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूचि-१**

**(दफा२ संग सम्बन्धित)**
**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**
**संञ्चितकोषबाट विनियोजन**

## मुड्केचुला गाउापालिकाको बजेट विनियोजन :-

| सि.नं | शिर्षक | बजेट रु | कैफियत |
|---|---|---|---|
| १. | गाउापालिका पुजिगत तर्फ<br>प्रदेश सरकारबाट | | आ.व.०७७।०७८ मा छुट्याईएको पाुजिगत खर्च रकम खर्च हुन नसकी बचत हुन आएमा आ.व.०७८।०७९ मा उक्त रकम समेत यसै शिर्षकमा खर्च हुने । |
| २. | गाउापालिका चालुतर्फ<br>प्रदेश सरकारबाट | | आ.व.०७७।०७८ मा छुट्याईएको चालु खर्च रकम खर्च हुन नसकी बचत हुन आएमा आ.व. ०७८।०७९ मा उक्त रकम समेत यसै शिर्षकमा खर्च हुने । |
| ३ | विषयगत कार्यालयतर्फ | | |
| ३. | आन्तरिक श्रोत | | लक्ष्य राखिएको |
| **कुल जम्मा** | | | |

अनुसुचि १

दिग्दर्शनको दफा ५.१.१. संग सम्वन्धित

आय तथा व्ययको प्रक्षेपण

आ.ब. २०७७।०७८

| शीर्षक | | आ.ब.०७६।०७७को यथार्त | आ.ब. २०७७।०७८ को संशोधित अनुमान | आ.ब. २०७९।०८० को अनुमान |
|---|---|---|---|---|
| | | | | |
| **राजस्व** | | | | |
| | **आन्तरिक राजस्व** | ९७१,८८०। | ११,००,०००। | १३,००,०००। |
| | एकिकृत सम्पति कर | | | |
| | घर जग्गा बाहाल कर | | | |
| | व्यवसाय कर | | | |
| | बहाल विटौरी शुल्क | | | |
| | जडिबुटी कवाडी र जीवजन्तु कर | | | |
| | सेवा शुल्क | | | |
| | भुमिकर/मालपोत | | | |
| | खुद सम्पतिमा लाग्ने कर | | | |
| | व्यवसाय रजिष्टेशन दस्तुर | | | |
| | कृषि तथा पशुजन्य कारोबारमा लाग्ने कर | | | |

| | | | | |
|---|---|---|---|---|
| | कृषि तथा पशुजन्य बस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | | | |
| | अखेटो पहारमा लाग्ने कर | | | |
| | दस्तुर | | | |
| | पार्किर शुल्क | | | |
| | नक्सा पास दस्तुर | | | |
| | सिफारिस दस्तुर | | | |
| | व्यक्तिगत घटना दर्ता दस्तुर | | | |
| | नाता प्रमाणित दस्तुर | | | |
| | अन्य दस्तुर | | | |
| | साना सवारी कर | | | |
| | अन्य | | | |
| जम्मा | | | | |
| | **राजस्व बाँडफाड** | | | |
| | मूल्य अभिवृदि कर तथा अन्त: शुल्क | | | |
| | प्राकृतिक स्रोतको रोयल्टी | | | |
| | विधुत | | | |
| | व्न | | | |
| | खानि तथा खनिज | | | |
| | पानी तथा अन्य प्राकृतिक स्रोत | | | |
| | | | | |
| घ | **वित्तिय हस्तान्तरण** | | | |
| | **नेपाल सरकार बाट हुने अनुदान** | | | |
| | वित्तिय समानिकरण अनुदान | | | |
| | राजस्व वाँडफाँड | | | |
| | सर्शत अनुदान | | | |
| | समपूरक अनुदन | | | |
| | विशेष अनुदान | | | |

| | | | | |
|---|---|---|---|---|
| | गत आ.व. ०७५।०७६ को अनुमानित अल्या | | | |
| | **प्रदेश सरकार बाट प्राप्त हुने अनुदान** | | | O |
| | वित्तिय समानिकरण अनुदान | O | O | |
| | सर्शत अनुदान | O | O | |
| | समपूरक अनुदन | O | O | O |
| | विशेष अनुदान | O | O | O |
| | **वित्तिय व्यवस्था** | O | O | O |
| | **अन्तर स्थानिय तह साझेदारी** | O | O | O |
| | **अन्य** | O | O | O |
| | **कुल जम्मा** | | | |